नेपाल सरकार (सचिवस्तर) बाट स्वीकृत

निर्णय मितिः २०७०/८/१२

# अदुवा प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

## १. परिचय

अदुवा नेपालवाट निर्यात हुने प्रमुख कृषिजन्य उपज मध्ये एक हो । आ.व. ०६९/७० मा करीव रु. ५०,७५,९०,००० मूल्य वरावरको २३९४१ मे.टन अदुवा तथा अदुवाको सुठो भारत लगायत अन्य बंगलादेश, चीन, जापान लगायतका मुलुकहरुमा निर्यात भएको थियो । यसै गरी चीन र थाईल्याण्डबाट रु. १८,१३,६६,००० मूल्य बराबरको ३७५२ मे.टन अदुवा आयात भएको थियो । नेपालमा पूर्व देखि पश्चिम सम्मका मध्य पहाडी एवं तराईका जिल्लाहरुमा अदुवाको व्यावसायिक खेती भइरहेको छ । इलाम, भोजपुर, तेह्रथुम, मकवानपुर, सिन्धुपाल्चोक, धादिङ्ग, नवलपरासी, पाल्पा, तनहुँ, कास्की, सल्यान, दाङ्ग, प्यूठान, कैलाली, डोटी आदि अदुवा उत्पादन हुने प्रमुख जिल्लाहरु हुन् । यी जिल्लाहरुमा विगत केही वर्षदेखि व्यावसायिक अदुवा उत्पादन भइरहेको छ र उत्पादित अदुवा संकलन भई आन्तरिक तथा वाह्य वजारको माग अनुसार आपूर्ती हुने गरेको छ। अदुवाको उत्पादन, संकलन, प्रशोधन एवं वजार व्यवस्थापनमा विभिन्न कृषक समूह तथा सहकारीहरु संलग्न रहेका छन् । तथापि नेपाली अदुवाको मूल्य र वजार विशेष गरी भारतको उत्पादन र मागमा भर पर्ने भएकोले यसको माग र मूल्य अस्थिर हुने र किसानहरुले उचित मूल्य नपाउने समस्या देखिएको छ। अर्कोतर्फ नेपालमा उत्पादित अदुवाले उचित प्रशोधनको अभावमा आशातित मूल्य प्राप्त गर्न नसकेको अवस्था रहेको छ। तसर्थ नेपालमा उत्पादित अदुवाको उचित प्रशोधन गरी मूल्य अभिवृद्धि गर्ने र वजार व्यवस्थापन गर्ने उद्देश्यले आ.व. ०७०/७१ देखि अदुवा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । उक्त कार्यक्रम अर्न्तगत अदुवा प्रशोधन गर्ने मेशीनरी उपकरण सहितको प्रशोधनस्थल निर्माण, कृषक समूह तथा सहकारीमा अदुवा प्रशोधन गर्ने मेशीनरी उपकरणहरु वितरण, अदुवाको वीउ भण्डारण गर्ने सेलार स्टोर निर्माण, अगुवा कृषक तालिम जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

### १.१ कार्यक्रमको उद्देश्य

विभिन्न जिल्लाहरुमा उत्पादित अदुवाको उचित प्रशोधन मार्फत मूल्य अभिवृद्धि गरी कृषकहरुको आयआर्जन वढाउने ।

### १.२ कार्यक्रम संचालन गरिने जिल्लाहरु

देशका विभिन्न क्षेत्रहरुमा रहेका व्यावसायिक अदुवा उत्पादन हुने जिल्लाहरुमा यो कार्यक्रम संचालन गरिनेछ । तथा आगामी वर्षहरुमा अन्य संभाव्य जिल्लाहरुमा यो कार्यक्रम विस्तार गर्दै लगिनेछ । आ.व. ०७०/७१ मा तनहुँ, नवलपरासी, पाल्पा, सल्यान, प्यूठान, डोटी र कैलाली गरी जम्मा ७ जिल्लाहरुमा कार्यक्रम संचालन गरिनेछ।

## २. कार्यक्रम संचालन प्रक्रिया

कार्यक्रममा उल्लेखित विभिन्न क्रियाकलाप वमोजिम राष्ट्रिय मसला वाली विकास कार्यक्रम र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरु मार्फत यस कार्यविधि वमोजिम कार्यक्रम संचालन गरिनेछ । सम्वन्धित जिल्लाका अदुवा उत्पादक कृषक समूह एवं सहकारीहरुसंगको सहकार्य लाई महत्वपूर्ण मानी कार्यक्रम कार्यान्यवन गरिनेछ । विभिन्न क्रियाकलाप अनुसारको कार्य संचालन प्रक्रिया निम्न वमोजिम हुनेछ :

### २.१ अदुवा प्रशोधन प्रवर्द्धन कार्यक्रम

### २.१.१ अदुवा प्रशोधन गर्न मेशिनरी उपकरण सहितको प्रशोधनस्थल निर्माण कार्यक्रम

सुदूर पश्चिम, मध्य पश्चिम र पश्चिमाञ्चल क्षेत्रमा उत्पादन हुने अदुवाको मूल्य अभिवृद्धि गरी वजार व्यवस्थापन गर्ने उद्देश्यले यी क्षेत्रहरुमा मेशीनरी उपकरणहरु सहितको प्रशोधनस्थल निर्माण गरिनेछ । **कैलाली, सल्यान र पाल्पा** गरी ३ वटा जिल्लाहरुमा एक-एक वटा गरी जम्मा ३ वटा प्रशोधनस्थल निर्माण गरिनेछ । प्रशोधनस्थलहरु निर्माण भई सम्वन्धित जिल्लाहरु लगायत छिमेकी जिल्लाहरुमा उत्पादन भएको अदुवाको वजार व्यवस्थापनमा सहयोग पुग्नेछ । यस क्रियाकलाप सम्वन्धित जिल्लाहरुको समन्वयमा राष्ट्रिय मसला वाली विकास कार्यक्रमवाट संचालन गरीनेछ ।

यो क्रियाकलाप अन्तर्गत अदुवाको उत्पादनोपरान्तका क्रियाकलापहरु जस्तै सरसफाई, ग्रेडिङ्ग, प्रशोधन ( अदुवा धुने, वोक्रा फाल्ने, सुकाउने, धूलो वनाउने) र प्याकेजिङ्ग समेतका कार्य गर्न कृषक सहकारीहरु मार्फत संचालन गरिनेछ ।

### २.१.२ <u>कृषक सहकारीको छनौट एवं कार्य संचालन प्रक्रिया</u>

क. माथि उल्लेखित जिल्लाहरु (पाल्पा, सल्यान र कैलाली) का कृषि सहकारी संस्थाहरुवाट व्यावसायिक स्किम सहितको प्रस्ताव आह्वान गरी संकलन गरिनेछ । उक्त कार्यमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुले आवश्यक सहयोग गर्नेछन् ।

ख. पेश हुने प्रस्तावहरुमा सम्वन्धित सहकारीले प्रशोधनस्थल निर्माण गरिने स्थान, निर्माण हुने जग्गाको विवरण, विद्युत, पानी र सडक सुविधाको अवस्था, आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको स्टिमेट, प्रशोधनस्थलको उद्देश्य, कच्चा पदार्थ संकलन प्रक्रिया, प्रशोधन गर्न आवश्यक पर्ने उपकरणहरुको क्षमता र लागत, प्रशोधनस्थलको क्षमता, उत्पादनको किसिम, कच्चा पदार्थ एवं उत्पादित वस्तुको मूल्य निर्धारण प्रक्रिया, गुणस्तर, लागत लाभ विश्लेषण आदिको विस्तृत विवरण पेश गर्नुपर्नेछ ।

ग. संकलन गरिएका प्रस्तावहरु मध्ये प्रत्येक जिल्लाका लागि एउटा प्रशोधनस्थल निर्माण गर्न सम्वन्धित जिल्लावाट १-१ गरी जम्मा ३ वटा सहकारी संस्थाहरु छनौट गरिनेछ । छनौट प्रक्रियामा राष्ट्रिय मसला वाली विकास कार्यक्रम, सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, जिल्ला कृषि

विकास समिती, तरकारी विकास निर्देशनालयका प्रतिनिधिहरुको संलग्नता हुनेछ र आवश्यक परेमा अन्य सम्वन्धित प्रतिनिधिहरु समेत समावेश गर्न सकिनेछ ।

घ. कार्यक्रम संचालन गर्न सहकारी संस्था छनौटका आधारहरुः

- अदुवा उत्पादन, संकलन, प्रशोधन एवं वजारीकरणमा अनुभव भएका सहकारीहरुलाई प्राथमिकता दिइनेछ ।
- दरखास्त दिने सहकारीहरुले कानून अनुसार आवश्यक प्रक्रियाहरु पूरा गरी दर्ता भएको र सो वमोजिमको आवश्यक कागजातहरु पेश गरेको हुनुपर्नेछ ।
- प्रशोधनस्थल निर्माण गर्ने प्रस्तावित स्थानमा अनिवार्यरुपमा विद्युत, पानी र सडकको सुविधा भएको हुनुपर्नेछ ।

ङ प्रस्तावित स्टिमेटमा प्रशोधनस्थल निर्माण गर्ने जग्गाको क्षेत्रफल र मूल्य, भवन, आवश्यक मेशीनरी उपकरणहरुको विस्तृत लागत अनुमान पेश गर्नुपर्नेछ र प्रत्येक सहकारीलाई उक्त लागतको ५० प्रतिशत वा वढीमा रु. ३२ लाख ३३ हजार सम्म अनुदान दिइनेछ र वाकी कम्तीमा ५० प्रतिशत वा सो भन्दा वढी हुन आउने रकम सम्वन्धित सहकारीले योगदान गर्नुपर्नेछ । सहकारीको योगदानमा श्रमदान, जिन्सी सामग्री वा नगद समावेश गर्न सकिनेछ ।

च. प्रशोधनस्थल निर्माण गर्ने जग्गा सहकारी स्वयंको हुनुपर्नेछ । सहकारी स्वयंको जग्गा नभएमा प्रस्ताव गरिएको जग्गाको कम्तीमा २० वर्षसम्म भोगचलन गर्ने अधिकार सम्वन्धित सहकारीलाई प्राप्त भएको आवश्यक कागजात प्रस्ताव पेश गर्दा संलग्न राख्नुपर्नेछ । जग्गा खरीदमा अनुदान दिइने छैन । तर उक्त जग्गाको मूल्य सरकारले निर्धारण गरेको दर अनुसार अनुमानित लागतमा समावेश गर्न सकिनेछ ।

छ. लागत इस्टिमेट तयार गर्दा ५ प्रतिशत रकम कन्टिन्जेन्सी वापत छुट्टयाउने ।

ज. रीतपूर्वक दर्ता भएका प्रस्तावहरु मार्फत सहकारी संस्था छनौट गर्ने सम्पूर्ण अधिकार छनौट समितीमा हुनेछ ।

झ. छनौट भएका सहकारीहरुसंग आवश्यक कार्य निर्देशिका सहित सम्झौता गरिनेछ र उक्त सम्झौता वमोजिम कार्यको अनुगमन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, राष्ट्रिय मसला वाली विकास कार्यक्रम र सम्वन्धित अन्य निकायहरुले गर्नेछन् ।

ञ. कार्य संचालन गर्ने जिम्मेवारी पाएका सहकारीहरुले निर्धारित रकम स्कीम अनुसार खर्च गरी प्रचलित कानून वमोजिम फर फारक गर्नुपर्नेछ ।

ट. सम्वन्धित सहकारीहरुले कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।

ठ. सम्पूर्ण प्रक्रियामा पारदर्शिता अपनाउनु पर्नेछ ।

### २.१.३ प्रतिफल

सहकारीलाई सशर्त पूँजीगत अनुदान मार्फत मसला प्रशोधन गर्ने मेशिनरी उपकरण सहितको ३ जिल्लामा नमूनाको रुपमा प्रशोधन स्थल निर्माण भई अदुवाको कम्तीमा २०% मूल्य अभिवृद्धि हुनेछ ।

## २.२ अदुवा धुने मेशिन, अदुवा सुकाउने सोलार ड्रायर वितरण र अदुवा भण्डारण गर्ने सेलार स्टोर निर्माण

डोटी, सल्यान, प्यूठान, कैलाली, नवलपरासी, तनहुँ र पाल्पा जिल्लामा उत्पादित अदुवाको मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्न आ.व. ७०/७१ देखि कृषि सहकारी तथा कृषि समूह मार्फत यी कार्यक्रमहरु संचालन गरिनेछ । साथै अदुवाको वीउ भण्डारण गर्ने उद्देश्यले सेलार स्टोर निर्माण गरिनेछ । यी कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुको रहनेछ ।

यो कार्यक्रम अन्तर्गत अदुवा उत्पादनोपरान्तका क्रियाकलाप मुख्य गरी सरसफाई (धुने), अदुवा सुकाई सुठो तयार गर्ने उपकरणहरु वितरण गरिनेछ ।

### २.२.१ आयोजना संचालनमा सम्बन्धित निकायहरुको भूमीका एवं जिम्मेवारी

| क्र. सं. | निकायहरु | मुख्य भूमिका | जिम्मेवारी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| १ | तरकारी विकास निर्देशनालय तथा राष्ट्रिय मसला वाली विकास कार्यक्रम | अनुगमन तथा कार्य-निर्देश, प्राविधिक सर-सल्लाह तथा सुझाव । | कार्यक्रम तर्जुमा तथा अनुगमन । | निर्देशक एवं कार्यक्रम प्रमुख |
| २ | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय | उत्पादन उप्रान्त गर्नुपर्ने बजार सम्बन्धि कार्यमा सहयोग गर्ने । | राम्रो मुल्यका लागि बजार खोजी गर्ने । | कार्यक्रम निर्देशक |
| ३ | क्षेत्रिय कृषि निर्देशनालय | कार्यक्रम अनुगमन, निरीक्षण । | जिल्लाहरुलाई कार्यक्रम क्षेत्रहरुको विवरण राख्न लगाउने । | क्षेत्रिय निर्देशक |
| ४ | जिल्ला कृषि विकास कार्यालयहरु | सहकारी तथा समूह छनौट र परिचालन, आवश्यक सामग्रीहरुको व्यवस्था,<br><br>प्रगति प्रतिवेदनहरु तथा तथ्याङ्क संकलन गरी पठाउने । | प्रविधि तथा बजार व्यवस्थाको लागि कृषकहरु लाई सहयोग गर्ने । | वारिष्ठ कृषि विकास अधिकृतहरु |

## २.२.२ कार्यक्रम संचालन कार्यविधि

| कार्यक्रम | संचालन विधि |
|---|---|
| सहकारी तथा समूह छनौट | १. कार्यक्रमको उद्देश्य र प्रक्रिया वारे सूचना प्रवाह गरी इच्छुक कृषि सहकारी वा समूहवाट व्यावसायिक स्किम सहितको प्रस्ताव संकलन गरिनेछ ।<br><br>२. जिल्ला कृषि विकास समितीको वैठक मार्फत उपयुक्त प्रस्तावको आधारमा सक्रिय सहकारी संस्था वा कृषक समूह छनौट गरिनेछ ।<br><br>३. प्रत्येक सहकारी वा समूहले सम्वन्धित वाली (अदुवा) को खेती गर्ने व्यावसायिक कृषकहरुलाई समेटेको हुनुपर्नेछ ।<br><br>४. जि. कृ. वि. का. हरुले अदुवा खेती गर्ने कृषकहरुको नाम ठेगाना तथा खेती गर्ने जग्गाको क्षेत्रफल सहित रेकर्ड राख्नुपर्नेछ ।<br><br>५. कृषकहरु एउटै Cluster मा संगठित गरी परिचालन गर्नुपर्नेछ ।<br><br>६. छनौट भएका प्रत्येक जिल्लाहरुमा वढीमा ५ वटा संभाव्य सहकारी संस्थाहरु वा कृषक समूहहरु छनौट गरी कार्यक्रम संचालन गर्नुपर्नेछ ।<br><br>७. यसमा उल्लेख गरिएका कार्यविधि वाहेक अन्य कुराहरु साना सिंचाई तथा सहकारी खेती को निर्देशिका वमोजिम कार्य संचालन गर्नुपर्नेछ । |
| सामाग्री व्यवस्था | १. अदुवा धुने एउटा मेशीनमा कूल मूल्यको ५० प्रतिशत वा वढीमा रु. ५०,०००/- अनुदान दिइनेछ । कार्यक्रम दिइने कृषक सहकारी तथा समूहको कम्तीमा अनुदान दिइने रकम वरावरको योगदान हुनुपर्नेछ । कृषक सहकारी वा समूहवाट हुने योगदानमा जिन्सी, श्रमदान, नगद वा ढुवानी मूल्य समावेश गर्न सकिनेछ । उक्त मेशीन सहकारी एवं समूहको निर्णय अनुसार कम्तीमा सम्वन्धित सवै सदस्यहरुको पहुच हुने गरी संचालन गर्नुपर्नेछ ।<br><br>२. अदुवा सुकाउने एउटा सोलार ड्रायरमा अनुमानित मूल्यको ५० प्रतिशत वा वढीमा रु. ५०,०००/- अनुदान दिइनेछ । अन्य व्यवस्था अदुवा धुने मेशीन वितरण सरह हुनेछ । |

| कार्यक्रम | संचालन विधि |
|---|---|
| | ३. अदुवा भण्डारण गर्ने सेलार स्टोर निर्माणमा कूल लागतको ५० प्रतिशत वा बढीमा रु. ५०,००० अनुदान दिइनेछ । निर्माण गर्न अन्य आवश्यक खर्च (कम्तीमा अनुदान रकम बराबरको) सम्बन्धित सहकारी वा समूहले योगदान गर्नुपर्नेछ र उक्त योगदानमा स्थानीय सामग्री, श्रमदान, जिन्सी, नगद, ढुवानी आदि समावेश गर्न सकिनेछ तर जग्गाको मूल्य समावेश गर्न सकिनेछैन । सेलार स्टोर निर्माण गर्दा अदुवाको बीउ उत्पादक सहकारी वा समूहलाई प्राथमिकता दिनुपर्नेछ । सेलार स्टोर निर्माण गर्ने जग्गा सम्बन्धित सहकारी वा समूहले स्वयं व्यवस्था गर्नुपर्नेछ ।<br><br>४. सामाग्रीहरु खरिद गर्दा जि.कृ.वि.का. ले अधिकृत स्तरका कर्मचारीको संयोजकत्वमा सेवा केन्द्र प्रमुख र कृषक समूह/सहकारी प्रतिनिधि समावेश गरी खरिद समिति गठन गरी सामाग्री खरिद गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।<br><br>५. आवश्यकता र उद्देश्य अनुसार एउटै सहकारी वा समूहलाई एक वा सो भन्दा बढी उपकरणहरु वितरण गर्न सकिनेछ ।<br><br>६. वितरण गरिने सामाग्री, सेलार स्टोर निर्माणमा राष्ट्रिय मसला बाली विकास कार्यक्रम, नेपाल कृषि अनुसंधान परिषद् (कृषि इन्जिनियरिङ्ग महाशाखा, अदुवा बाली अनुसन्धान कार्यक्रम, कपूरकोट), कृषि इन्जिनियरिङ्ग निर्देशनालय, पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय, तथा सम्बन्धित अन्य निकायहरुले प्राविधिक सहयोग गर्नेछन् । |
| अनुगमन तथा निरीक्षण | १. कार्यक्रमको प्रभावकारीता अध्ययन गर्न कृषि विकास मन्त्रालय, कृषि विभाग, तरकारी विकास निर्देशनालय, राष्ट्रिय मसला बाली विकास कार्यक्रम, क्षेत्रिय कृषि निर्देशनालय, सम्बन्धित जि.कृ.वि.का. का प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु द्वारा आ-आफ्नो स्तर बाट अनुगमन तथा निरीक्षण गरिनेछ । |

## २.२.३ प्रतिफल

अदुवा प्रशोधन र भण्डारणको लागि मेशीनरी उपकरण वितरण र सेलार स्टोर निर्माण बाट उत्पादित अदुवाको कम्तीमा २० प्रतिशत मूल्य अभिवृद्धि हुनेछ ।